annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५२ पृष्ठ ८ | काठमाडौं, बिहीबार ३ माघ २०८१ | मार्ग कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४५ | THURSDAY, JANUARY 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## कर्णाली गौरवका आयोजना, निर्माणमा हेलचेक्र्याइँ


विकासमा कर्णाली पछि छ । किनभने, कर्णालीप्रतिको काठमाडौंको दृष्टिकोण टाढाको छ, भौगोलिक कठिनाइ पनि उस्तै छ । तर, यहाँ भएका आयोजना पनि समयमा पूरा नहुँदा कर्णाली झनै पछि परेको जानकारहरू बताउँछन् । राजनीति शक्ति र पहुँचका आधारमा ठेक्कापट्टा हत्याउने, तर काममा सिन्को नभाँच्ने ठेकेदारको शैलीका कारण कर्णालीका गौरवका आयोजना अलपत्र छन् ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**– को रिपोर्ट**

प्रगति सन्तोषजनक नभएका आयोजनाहरूको विवरण

| आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्झौताको म्याद | हालसम्म खर्च | प्रगति |
|---|---|---|---|---|---|---|
| दैलेख सदरमुकामदेखि नौमुले हुँदै जुनी जाजरकोट जोड्ने सडक | बिरुवा सिद्धान्त श्रृंगेश्वर जेभी | १९९४१७००० | ०७८/०४/२७ | २०८२/०२/३० | ४५४०२००० | ३५% |
| माथिल्लो डुगेश्वोर दुल्लु बेउली कालिकोट सडक | मोतीदान लाल शुभ मेन्द्रो जेभी | १५५८२५००० | ४/२७/२०७८ | ०३/२०/२०८२ | ९२६२८००० | ६०% |
| सांगेतडा-ब्रिन्दासैनी-चामुण्डा बाटो निर्माण | मोतीदान लाल शुभ मेन्द्रो जेभी | ९०४०७००० | ४/२७/२०७८ | ०१/३०/२०८२ | ५२२२४००० | ५५% |
| रबट छामघाट खोलापक्की पुल | जलजला जय मा स्वर्गद्वारी जेभी | ३२५०७००० | २०७८/०४/२७ | २०८२/०१/३० | १७९९१२४२ | ५०% |
| लालिबगर औलाथली मोटोरेबल पुल | सूर्य-एचएम -श्रेया जेभी | १४२८००००० | २/२७/२०७९ | २०८४/०२/११ | १२५००००० | १०% |
| याँचु बजारदेखि तुमलिक मोटरेबल पुल, खार्पूनाथ सडक पुल | सूर्य-एचएम -श्रेया जेभी | १७१७२५४७० | ०२/११/२०७९ | २०८४/०२/११ | १५००००००० | १०% |
| कालीकोट सेरी पान्तडी पाम्घाट जुम्ला सडक | खडाकृष्ण सुपरस्टार जेभी | ४५६०७००० | २०७७/२/११ | २०८१/२/३० | १७८४७१७२ | ४०% |
| सान्नीघाटदेखि सिप्खाना सडक योजना | के एस/ सन्नीदेव जेभी | २५००५६००० | २०७८/६/३ | २०८२/३/१ | ८१०००४९० | ३५% |
| दाम्रीगाड पक्की पुल पलाता ९ | गलवा/जगदम्बा/सुपरस्टार जेभी | २९९४७००० | २०७७/३/३० | २०८१/०२/३२ | ७३७४२४० | २८% |
| जारकोट पक्की पुल | हिराचन/क्याराभान/सुपरस्टार जेभी | १३२६३९००० | २०७७/६/१३ | २०८१/१२/३१ | २६८३७३४२ | २१% |
| बड्डीचौर बिम्रेनी बाबियाचौर विद्यापुर सडक निर्माण | अनक/जयदेवी जेभी | ४२४७६१००० | ०७९/३/१४ | ०८२/३/१२ | ७६०७४४७४ | २०% |
| रानीघाट तेलपानी भुरीगाउँ सडक | थोदुङ्ग /जागृति जेभी | १३०२६९००० | ०७७/३/१६ | ०८२/१०/२२ | ११४३८१५५ | १०% |
| मंगलगढी काँक्रेविहार सडक योजना | अमर/ सिस्ने/ नेपाल मेगा जेभी | १४१५८१३३९ | ०७८/८/१४ | ०८१/०३/१२ | ७९८०८७४२ | ७५% |
| कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक | अनक/जयदेवी/सनलाइट जेभी | १०९२२४४८८ | ०७८/२/१८ | ०८१/०२/११ | ४९१७१७२५ | ४५% |
| कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक | जलजला निर्माण सेवा प्रालि, दाङ | १४७९११८९७ | ०७८/८/२२ | ०८१/१२/२५ | ९९५३९४५३ | ६०% |
| प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ क्षेत्र सहरी सडक | कान्छाराम कन्स्ट्रक्सन | १२९४३६००० | ०७८/५/१७ | ०८१/०८/२० | ३२७९०७४३ | ३३% |
| तल्लो करेली पक्की पुल निर्माण भेरीगंगा १३ | गाल्वा निर्माण सेवा काठमाडौ | १८७७५ | ०७६/०७/२२ | ०८१/१०/३० | २९६६०९८ | २१% |
| घाटगाँउ गटु सालम कोरालाबास कुल्लीमारे सडक | श्रेष्ठ कन्स्ट्रक्सन कम्पनी काठमाडौं | ३८५६४०००० | ०७९/३/०८ | ०८२/३/२० | ९३४४२८१३ | ४०% |
| जुम्ला एरपोर्ट, उर्थु, खाली न्याउरीघाट, बुलबुले मुगु सडक | सिएबी कन्सट्रक्सन प्रालि | ३४२०८२६७७ | ०३/१०/२०७९ | ०३/२५/२०८२ | १६९८०२००० | ३३% |
| झारज्युला निधार पक्की पुल | गलवा अमित जेभी | ३७६३५२९७ | ०७/०६/२०७६ | ०३/२०/२०८१ | ३०३२१००० | ८६% |
| दोमुख तारापानी गमगढी नाक्चे लाग्ने सडक | खानी/जगदम्बा / मिसन जेभी | १००६९०६२ | २/२७/२०७८ | ६/३०/२०८१ | ८०४६१००० | ८०% |
| झुगला बेलिब्रिज वा मोटरेबल पुल | कन्काई/कुशेश्वर/ निसान जे भि | १६४९०९२९० | ९/१४/२०७८ | ८/३०/२०८१ | ७०००००० | १०% |
| दोमुख पक्की पुल | मृत संजिवनि निर्माण सेवा | १५९३७३९४० | ९/१४/२०७८ | ८/३०/२०८१ | ७१००००० | ५% |
| कालीमाटी रामपुर रामबजार लुहाम सल्यान खलंगा जोड्ने सडक | सिस्ने कन्स्ट्रक्सन | १८२७५००० | २०७८/१२/१८ | २०८१/०९/३० | ८०००००० | ४५% |
| सोलावाङ रिम सडक स्तरोन्नति | रौतहट-केशव शाह जेभी | ९६७७१००० | २०७८/०३/२९ | २०८१/०९/२० | ६७३९६००० | ७०% |
| बालुवा संग्रही कुपिण्डे खलंगा सडक | गलवा/धुलिखेल जेभी | १८१८३६००० | २०७७/०८/२२ | २०८१/०९/२५ | १४०११०००० | ६०% |
| कोटमौला किमेरे पोखरी खोरबारे परिलेख सडक स्तरोन्नति | पीएल/सिस्ने स्यार्पु जेभी | २५६३६००० | २०८१/०३/२१ | २०८२/०१/१५ | ५०००००० | २०% |
| बागचौर-पातीहाल्न सडक जगारखोला पुल | प्राकृतिक-निशान जेभी | ३६२५३००० | २०७८/०३/०९ | २०८२/०३/०९ | ३६००००० | ० |
| छेडा थलह सनाखोला चाँदे जुम्ला सडक | अमर/ सिस्ने जेभी बाँके | १११२४१४४६ | २०७८/०९/०५ | २०८२/०९/०४ | २४७१७०० | १०% |
| साल्मा खोला पुल | नेपाल मेगा/ सिस्ने जेभी बाँके | ४८८०२५१७ | २०७८/०४/२९ | २०८०/१०/२८ | १४१४२४०० | ३०% |
| बारेकोट ८ सागुतारा र नलगाड ५ सिर्के जोड्ने सडक पुल | नेपाल मेगा/ सिस्ने जेभी बाँके | ३०९८८२४७ | २०७८/०९/०५ | २०८०/१०/२८ | ० | ० |
| कालीमाटी खाल्चौर नेटिलेख सडक खण्ड | अमर/ सिस्ने जेभी बाँके | ९१२६७४४७ | २०७८/०६/१८ | २०८१/६/१७ | ७६५९६९०० | ८५% |
| देवस्थल-कैनडाँडा-चौरजहारी-डोल्पा | पीए जिउसएचभी जेभी | ३५२४२११९० | ०१/१२/२०७९ | ०१/१२/२०८२ | १४७७७६११५ | ४५% |
| चिसापानी-राडी-नदुवा-मुसीकोट सडक (बहुवर्षीय) | पीए जिउसएचभी जेभी | ३३४८८९८७० | ०२/०३/२०७८ | ०२/२०/२०८२ | १५२३७२८७२ | ४८% |
| छेराबगर पक्कीपुल निर्माण | सपना सिस्ने हिमाल खडका जेभी | ४९०९६ | ०३/२४/२०७८ | ०९/१०/२०८१ | ९५८८००६ | २०% |



समाचार पृष्ठ २

## संवैधानिक पदाधिकारीहरू विरुद्धको रिट 'हेर्न नभ्याइने' मा



**दिनेश गौतम** | *काठमाडौं*

संवैधानिक पदाधिकारीको नियुक्ति खारेजीको माग गरिएको मुद्दाको सुनुवाइ 'हेर्न नमिल्ने' मा परेको छ। सर्वोच्च अदालतको संवैधानिक इजलासमा बुधबार राखिएको उक्त मुद्दा अब माघ ३० लाई सारिएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाल, डा. मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको इजलासमा यो पेसी चढेको थियो। पहिल्यै यस मुद्दामा सुनुवाइ गरिसकेका एक न्यायाधीश संवैधानिक इजलासमा भएकाले हेर्न नमिल्ने बनेको हो।

प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालमा नियुक्त ५२ संवैधानिक पदाधिकारीहरूविरुद्ध अधिवक्ता ओमप्रकाश अर्यालले २०७७ पुस १ गते रिट निवेदन दायर गरेका थिए। यस मुद्दाको सुनुवाइ सुरु भएयता इजलासमा बसेका तीन जना प्रधानन्यायाधीश र चार जना न्यायाधीशले अवकाश पाइसकेका छन्। यतिबेला देशको राजनीतिक तरलतासँगै अदालतले यो मुद्दालाई तीव्रतासाथ अघि बढाएको छ।

रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय, संवैधानिकपरिषद् लगायतलाई विपक्षी बनाइएको छ।

## लामिछाने ६० लाख धरौटीमा रिहा



**अन्नपूर्ण** (काठमाडौं) : कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन मुद्दामा स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई ६० लाख धरौटीमा छोड्न काठमाडौं जिल्ला अदालतले आदेश दिएको छ। अदालतको आदेशपछि बैंक ग्यारेन्टी राखेर लामिछाने रिहा भएका छन्।

जिल्ला न्यायाधीश माधव अधिकारीको इजलासले बुधबार लामिछानेलाई धरौटीमा छोड्न आदेश दिएको हो। पोखराको सूर्यदर्शन सहकारीको रकम ठगी मुद्दामा यसअघि कास्की जिल्ला अदालतबाट ६५ लाख धरौटीमा छुटेका थिए। काठमाडौंमा पनि धरौटीमा रिहा भएका हुन्। 'म अदालतलाई विशेष धन्यवाद दिन्छु,' रिहापछि लामिछानेले भने, 'यो देशमा न्याय मरेको छैन।'

आदेशमा लामिछानेले इन्कारी बयान दिए पनि १,८०,००० थान सेयरमा लगानी गर्न इच्छा भएको भन्दै निवेदन दिएको उल्लेख छ। 'स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट गोर्खा नेटवर्क मिडिया प्रालिको खातामा आएका रकमका बारेमा आफूलाई केही थाहा नभएको। आफूले कुनै रकम लिएर खाएको नहुँदा निर्दोष छु भनी कसुरमा इन्कार रही बयान गरेको देखिए पनि प्रतिवादी रवि लामिछाने गोर्खा मिडिया नेटवर्क प्रालिका बिक्रीमा रहेको १,८०,००० थान सेयरमा लगानी गर्न इच्छा भएको निवेदन मागबमोजिम यस प्रालिमा बिक्रीमा रहेको सेयर मध्ये १,८०,००० शेयर खरिद गर्न अनुमति पाउँ भनी निवेदन दिई सेयर लिएको देखिँदा निजले उक्त प्रालिको सेयर खरिद गरिलिएको देखिइ निज प्रतिवादी गोर्खा नेटवर्क मिडिया प्रालिको सेयर होल्डर एवं प्रबन्धक निर्देशक समेत रहेको देखियो,' आदेशमा भनिएको छ।

स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा बयान दिन उनी आइतबार आफैं अदालत उपस्थित भएका थिए। तर, त्यसदिन बयान सकिए पनि थुनछेक बहस भएन। अदालतले उनलाई न्यायिक हिरासतमा पठाउन आदेश दिएको थियो । स्वर्णलक्ष्मी बहुउद्देश्यीय सरकारी संस्थाको रकम अपचलन गरेको आरोपमा रास्वपा सभापति लामिछानेसहित ३९ जनाविरुद्ध मुद्दा दर्ता छ। स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनमा संलग्न लामिछानेसहित जीबी राई, पूर्वडीआईजी छविलाल जोशी, जीबीको साढुभाइ दीपक लामा, कोषाध्यक्ष कुमार रम्तेल र व्यवस्थापक नवीन अछामीसहितका ३९ जनालाई प्रतिवादी कायम गरिएको छ।

» बाँकी पृष्ठ ६

## उपेन्द्र यादवद्वारा समाजवादी मोर्चा 'बहिस्कार'

**राजकरण महतो** | *काठमाडौं*

समाजवादी मोर्चाको प्रमुख घटक जनता समाजवादी पार्टी (जसपा) नेपाल पनि हो। तर, बुधबार बसेको मोर्चाको बैठकमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव अनुपस्थित भए। जबकि, बैठकमा यादवको प्रतीक्षा थियो।

जसपा नेपालका अध्यक्ष यादवलाई बैठकमा आमन्त्रण गर्ने जिम्मा थियो- एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई। एकीकृत समाजवादी पार्टीकै केन्द्रीय कार्यालयमा मोर्चाको बैठक बोलाइएको थियो। तर, जसपा नेपालका अध्यक्ष यादवले मोर्चाको बैठक बहिस्कार गरेका थिए।

'समाजवादी मोर्चामा हामी थियौं, तर प्रचण्डजीले मित्रघात गर्नुभयो,' जसपा नेपालका महासचिव रामकुमार शर्माले भने, 'हामी समाजवादी मोर्चामा रहेकै अवस्थामा प्रचण्डजीले हाम्रो दललाई तोड्ने र फुटाउने काम गर्नुभयो। अब हामी मोर्चामा जान सक्दैनौं, जाने अवस्था पनि छैन। प्रचण्डजी धोकेवाज हुन्।' प्रचण्डले सत्ताको खेलमा आफ्नो पार्टीलाई फुटाएर कमजोर बनाएको जसपा नेपालको केन्द्रीय समितिकै निष्कर्ष छ। मोर्चामै सम्मलित दललाई विभाजित गरेर सत्ता स्वार्थ पूरा गर्न खोजेको नेता उपेन्द्र यादवको बुझाइ छ। महासचिव शर्मा थप्छन्, 'हाम्रो पार्टी फुटाएर प्रचण्डजीले हामीलाई समाजवादी मोर्चाबाट बिदा गरिसक्नुभयो। अब त्यहाँ के खान, किन जाने ? जाने पनि अवस्था रहेन।'

समाजवादी मोर्चाको अर्को घटक नेकपा (विप्लब) का प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड)ले भने समाजवादी मोर्चामा सामेल हुन जसपा नेपाल सकारात्मक रहेको दाबी गरे। एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा बसेको बैठकपछि प्रकाण्डले भने, 'उहाँहरू (जसपा नेपाल) का नेताहरूले तत्काल सहभागी हुन नसक्ने भन्नुभएको छ। तर, छलफल सकारात्मक रूपमा अघि बढेको छ।' मोर्चाको बैठकले माघ १६ गते काठमाडौं केन्द्रित कार्यक्रम गर्ने निर्णय गरेको उनले सुनाए।

### मोर्चा प्रचण्डको शक्ति आर्जनको अखडा

यसअघि कांग्रेससहितको सत्ता गठबन्धन टिकाउन







हाम्रो पार्टी फुटाएर प्रचण्डजीले हामीलाई समाजवादी मोर्चाबाट बिदा गरिसक्नुभयो । अब त्यहाँ के खान, किन जाने ?

**रामकुमार शर्मा**, महासचिव जसपा नेपाल

प्रचण्डले रणनीतिक रूपमा समाजवादी मोर्चा गठन गरेका थिए। माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी(महिन्द्र यादव), र नेकपा(बिप्लब) मोर्चामा थिए। जसपा नेपाल फुटेपछि उपेन्द्र यादव मोर्चाबाट बाहिरिएका हुन्। तर, प्रचण्ड र माधव नेपाल उपेन्द्रलाई फकाएर मोर्चामा फेरि जोड्ने भगीरथ प्रयासमा रहेको मोर्चाका नेताहरूको भनाइ छ। जसपा नेपालका महासचिव शर्माले भने, 'प्रचण्डले मुखमा राम राम भने पिँठयुमा छुरा रोप्नुभयो भन्ने हाम्रो ठम्याइँ हो। यसको दोषी प्रचण्डजी नै हो। उहाँसँग बस्ने र समाजवादी मोर्चामा रहेर काम गर्ने स्थितिमा जसपा नेपाल छैन।'

उपेन्द्र यादवको पार्टी फुटाएर प्रचण्डले सरकार चलाउन खोजेका थिए। जसपा नेपाल फुटाएर अशोक राईले जसपा गठन गरेका थिए। त्यसको बलमा सत्ताको खेलमा प्रचण्ड टिक्न चाहन्थे। तर, त्यो गठबन्धन लामो टिकेन। एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डको साथ छोडे। शेरबहादुर देउवा र ओलीबीच नयाँ गठबन्धन भएपछि प्रचण्डको '३२ सिटे जादु नम्बर'को चटकले फेल खाएको थियो। त्यसपछि प्रचण्ड आक्रोशित हुँदै आएका छन्।

प्रचण्डले कहिले केपी ओलीलाई धोका दिए त कहिले शेरबहादुर देउवालाई झुक्याए। काँध फेर्दै, संसदीय शक्तिको गणितीय खेलबाट बहुमत आर्जन गर्दै प्रचण्डले यसअघि १८ महिना सरकार चलाएका थिए।

सत्ताको उन्मातमा सत्ता साझेदार दल जनता समाजवादी पार्टी नेपालमाथि आरा चलाउन पनि प्रचण्डपछि परेनन्। यहीं प्रकरणबाट उपेन्द्र यादव प्रचण्डबाट टाढिएका थिए। ६ महिनापछि बसेको समाजवादी मोर्चाको बैठकमा प्रचण्डले नेता यादवको उपस्थित खोजेका थिए।

» बाँकी पृष्ठ ६